

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १८ गते मंगलबार ❑ 3 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## जति काम गर्न सक्यो त्यो नै प्रदेशमाथि उठेको प्रश्नको जवाफ हो : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले जति काम गर्न सक्यो त्यो नै प्रदेश संरचनामाथि उठेका प्रश्नको जवाफ हुने बताएका छन् ।



'सरकार, मन्त्रालय र मातहतका सबै कार्यालयले कामबाट प्रदेशमाथि उठेका, उठाइएका प्रश्नको जवाफ दिनुपर्छ' भौतिक पूर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालयले सोमवार आयोजना गरेको समीक्षा कार्यक्रममा उनले भने 'प्रदेशको धेरै बजेट पूर्वाधारको क्षेत्रमा रहेकाले यस मन्त्रालय र मातहतका कार्यालय बढी जिम्मेवार छ ।' काम छिटो गर्न र क्वालिटीमा पनि ध्यान दिन कार्यालय प्रमुखहरुलाई उनले सुझाव दिए । चालु वर्ष कुल बजेटको ३८ प्रतिशत भौतिक पूर्वाधार बिकास अर्न्तगत बिनियोन भएको छ । प्रदेश स्थापनाको यो अवधी सम्म ७५ अर्व रुपैयाँ भौतिक पूर्वाधारको क्षेत्रमा खर्च भएको र यसबाट छ सय ९६ किलोमिटर सडक ग्राबेल, नौ सय एक किलोमिटर ब्ल्याक टप कालोपत्रे, एक सय तीनवटा पूल निर्माण भएको छ । 'प्रदेश सरकारले गरेको कामबाट नागरिकले सहज सेवा पाएका छन्' मुख्यमन्त्री पाण्डेले भने ' प्रदेश स्थापनापछि बिकासको गति बढेको छ ।' संघ सरकारबाट प्राप्त हुनपर्ने अनुदान घट्दा काम भएका योजनामा बजेट अभाव रहेको उनले बताए । गत वर्ष संघ सरकारले करिब २ अर्व अनुदान नपठाएको बताउँदै मुख्यमन्त्री पाण्डेले भने 'गत वर्ष अनुदान नआउँदा अहिले पनि हामीलाई करिब ३ अर्वको दायित्व छ ।' योजना छनौट भएर कार्यन्वयनमा गएपछि बजेट काटिँदा प्रदेश सरकारको दायित्व बढेको उनले बताए ।

पूर्वाधार बिकास तर्फ पहिलो चौमासिकमा १० प्रतिशत प्रगति भएको छ । गत वर्षको यो अवधीमा करिब ७ प्रतिशत प्रगति थियो । 'यो प्रक्रियागत चरण हो, ठेक्का लगाउने समय हो, दोस्रो, तेस्रो चौमासिकमा प्रगति बढ्ने नै छ' मुख्यमन्त्री पाण्डेले मातहतका कार्यालय प्रमुखहरुलाई निर्देशन दिँदै भने 'यस वर्षको अन्त्यसम्म ८० प्रतिशत भन्दाबढि प्रगति गर्ने गरी काम गर्नुहोला ।' बिगतमा भन्दा 'क्रोनिक' योजना कम भएको बताउँदै उनले सम्पन्न हुने योजनामा बजेट अभाव हुन नदिन सरकारको प्रयास रहने बताए । कुनै ऐन कानुनका कारण काम गर्न समस्या भएमा आउँदो हिउँदे अधिवेशनमा पेश गर्न प्रदेशका सबै मन्त्रालयलाइ उनले निर्देशन दिए । पूर्वाधार बिकास कार्यालयका प्रमुखहरुले प्राविधिक जनशक्तिको अभावमा बिकास योजनाले गति लिन नसकेको बताएपछि मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले प्राविधिक कर्मचारी नियुक्त गर्ने बाटो खुल्ला गरेको बताए । 'प्राविधिक जनशक्ति नियुक्त गर्ने कानुनी बाटो सरकारले खुल्ला गरेको छ' उनले भने 'छिट्टै यो समस्या समाधान हुनेछ ।' पूर्वाधार बिकास अर्न्तगत उपलब्धी नदेखिने साना टुक्रे योजना हटाएको प्रदेश सरकारलाई संघ सरकारले ५/१० लाखको योजना पठाएको बताउँदै मुख्यमन्त्री पाण्डेले त्यस्ता योजना कार्यान्वयन गर्न नसकिने बताए । ' यी टुक्रे योजनाको बजेट एकमुष्ट कुनै योजनामा बिनियोजन भयो भने खर्च गर्न सकिन्छ, अन्यथा सकिन्न' उनले भने ।

## असल कर्म गर्नु नै धर्म: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले असल कर्म गर्नु नै धर्म रहेकोमा जोड दिनुभएको छ । जुनसुकै धर्मको सार नै असल कर्म भएकाले मानव हुनुका नाताले सर्वधर्म समभावको भावनाले अघि बढ्नुपर्ने बताउनुभयो ।

पोखरा वडा नं. १५ स्थित ऐतिहासिक स्थल ढुंगेसाँघुको पट्नेरीमा अवस्थित अन्नपूर्णेश्वर शिवालय मन्दिर परिसरमा ऐतिहासिक शुक्लागण्डकी कोटिहोम २०८१ समुद्घाटन समारोहमा उहाँले यस्तो बताउनुभएको हो । 'स्वच्छ एवं नैतिक समाजको निर्माण गर्न अनुशासन आवश्यक छ । अनुशासन धर्मले सिकाउँछ । धर्म, अध्यात्म र साधना भनेको हाम्रो समाजका ऐना हुन् ।' उहाँले भन्नुभयो - 'जसले असल समाज निर्माण गर्ने बाटोमा अगाडि बढाउँदछन् । असल संस्कार र संस्कृति मुलुक समृद्धिका आधार हुन् ।' प्रदेश प्रमुख भट्टले धार्मिक पर्यटनको विकासका लागि शुद्ध मनहरूबाट यस्ता सत्कर्मका प्रयासहरू आवश्यक रहनेमा जोड दिँदै विश्वका कयौँ देशहरुले धार्मिक पर्यटनबाटै विकासमा फड्को मारेको अवस्था रहेको बताए । श्री अन्नपूर्णेश्वर शिवालय धाम तथा बृहत्तर धार्मिक क्षेत्र विकास समितिको आयोजना, पोखरा महानगरपालिका वडा नं. १५ कार्यालयको समन्वयमा आयोजित कोटीहोममा प्रमुख वाचक, संरक्षक तथा यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल (कृपालु दास) जी, ब्रह्मनिष्ठ १००८ सन्त शिरोमणि पञ्चधामका संरक्षक श्री लोकानत्द महाराजजी लगायतले कथा वाचन गर्नुहुनेछ ।

यस स्थानमा विगतमा पनि साधुसन्त महन्त सिद्धपुरुषहरुले कोटीहोम लगाएको र अहिले करिब ३१ वर्षपछि यस पवित्र भूमिमा विभिन्न उद्धेश्यका साथ कोटीहोम भक्तिज्ञान महायज्ञ आयोजना गरिएको आयोजकको भनाई छ ।

पर्यटन प्रवर्द्धनको लक्ष्यसँगै मन्दिर उद्घाटन, प्राण प्रतिष्ठा, लघु रूद्रीसहितको विराट धनधान्यान्चल कोटी होम, कोटी दीप प्रज्वलन, पितृ उद्धार, भक्तिज्ञान महायज्ञ गर्न लागेको बताएको छ । निःशुल्क ब्रतबन्ध, निःशुल्क चौरासी पूजाको व्यवस्थापन, ज्येष्ठ नागरिक मिलन केन्द्र भवन निर्माण, सेती नदीमा स्नान गर्न जाने १०८ सिँढी निर्माण, १०८ गौमुखी धारा निर्माण, १०८ शिवलिंग स्थापना गरिने उद्देश्य राखिएको छ । यसैगरी, सेती नदीमा अकालमा ज्यान गुमाएकाहरुको मुक्तिको कामना गर्दै विशेष पूजा, विपन्न बालबालिकाहरुलाई शिशुस्याहारदेखि कक्षा ३ सम्म निःशुल्क पठनपाठनको व्यवस्थापन, प्रेम मन्दिर शिलान्यास, प्राकृतिक पुलमुनी रहेको गुप्त तीर्थमा रहेको मन्दिर दर्शनका लागि बाटो निर्माण, पट्नेरीमा रहेका २८० घरधुरीलाई शुद्ध खानेपानीको निःशुल्क व्यवस्था, शवदहन गर्नको लागि दाउरा राख्ने घर, शौचालय र सार्वजनिक धारा निर्माण लगायतका पवित्र उद्देश्यका साथ यस धार्मिक समारोह आयोजना गरिएको आयोजकको भनाई छ ।

## प्रधानमन्त्री ओली बेइजिङमा

**रासस**
काठमाडौं, १७ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओली चार दिवसीय चीन भ्रमणका क्रममा सोमबार बेइजिङ आइपुग्नुभएको छ । उहाँलाई यहाँस्थित बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ कम्युनिष्ट पार्टीका वैदेशिक मामिलाका उपमन्त्री सुन बेइदोङले स्वागत गर्नुभयो ।



चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ सोमबार बेइजिङ आइपुग्नुभएको हो । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय हितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्नुहुने छ । त्यस्तै उहाँले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीका साथमा धर्मपत्नी राधिका शाक्य रहनुहुनेछ । त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्हरू, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत हुनुहुन्छ । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर २० गते स्वदेश फर्कने तालिका छ ।


## अन्नपूर्ण क्षेत्रमा दुई सय २३ प्रजातिका सुनाखरी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

अन्नपूर्ण संरक्षण क्षेत्रमा दुई सय २३ प्रजातिका सुनाखरी भेटिएका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले गरेको खोज तथा अन्वेषणका क्रममा आठ सय मिटरदेखि ४५ सय मिटरसम्मको उचाइमा ती प्रजातिका सुनाखरी पहिचान गरिएको हो । वरिष्ठ संरक्षण अधिकृत बाबुलाल तिरूवाको नेतृत्वको टोलीले झण्डै एक वर्ष लगातर अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अनुसन्धान गरेको थियो । भौगोलिक विकटता र मौसम प्रतिकूलताका कारण कतिपय ठाउँमा पुग्न नसकिएको जनाउँदै संरक्षण अधिकृत तिरूवाले अन्नपूर्ण पेरिफेरिमा सुनाखरीका अझै थप प्रजाति भेटिन सक्ने बताउनुभयो । फूल फुल्ने एकदलीय बिरूवा प्रजातिमा पर्ने सुनाखरी जमिन (भुइँ), सडेगलेका वस्तु, रूख र पाखापहराको चेपमा उम्रने गरेको उहाँको भनाइ छ । गुणकारी वनस्पतिमा पर्ने सुनाखरी प्रजातिअनुसार विभिन्न याममा फुल्ने गरेको संरक्षण अधिकृत तिरूवाले बताउनुभयो ।

"सुनाखरी खाना र औषधिका रूपमा प्रयोग गरिन्छ, फूल फुल्दा आकर्षक देखिने हुँदा यसले प्रकृतिमा सौन्दर्य थपेको हुन्छ", उहाँले भन्नुभयो, "संसारमा अन्त कतै नपाइने सुनाखरी पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छ ।" सुनाखरी दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) मा सूचीकृत वनस्पती हो । औषधिय गुणका भएका कारण कतिपय प्रजातिको सुनाखारीको अवैध तस्करीसमेत हुँदै आएको छ । हिमालदेखि तराईसम्मको भूभागमा पाइने सुनाखरीको संरक्षणमा सम्बद्ध सबै पक्षले विशेष ध्यान दिनुपर्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रविन कडरियाले बताउनुभयो।देशविदेशकावनस्पतिविद् र वैज्ञानिकहरूले अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अध्ययन तथा अनुसन्धान गरेको उहाँको भनाइ छ । पाँचऔँलेलगायत नेपालमा सूचीकृत सुनाखरीमध्ये एक तिहाइ प्रजाति औषधिजन्य प्रयोगमा रहेका छन् । 'एक्याप' ले अनुसन्धानका क्रममा भेटिएका सुनाखरीका प्रजाति, बासस्थान, प्रयोग जस्ता विधालाई समेटेर सचित्र पुस्तक पुस्तक 'अन्नपूर्ण संरक्षण क्षेत्रका सुनाखरीहरू' प्रकाशनको तयारी गरेको छ । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको 'एक्याप' मा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

# पोखरा आइटिएफ वर्ल्ड टेनिस टुर जे३० प्रतियोगिता सुरू

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा आइटिएफ वर्ल्ड टेनिस टुर जे३० सर्किट १ र २ सोमबार देखि सुरू भएको छ । पोखरा रंगशालाको टेनिस कोर्टमा संचालन भएको पहिलो दिनमा सर्किट वान तर्फ ३५ खेल सम्पन्न भएको संघले जनाएको छ ।



प्रतियोगिताका विश्व नं १ बरियता जापानका रिकु हागासीले भारतका रौनक कश्यपलाई ६-०, ६-१ को सोझो सेटमा पराजित गर्नु भएको छ । गत वर्ष समेत नेपाल आउनु भएको रिकुले आफ्नो लयमा खेल प्रर्दशन गरी विजयी सुरुवात गर्नु भयो । त्यसै पुरुष तर्फ नै नेपाली खेलाडी सक्षम विक्रम शाहले भारतिय खेलाडी शौनक चटर्जीलाई ६-४, ३-६ र ६-३ को सेटमा जित दर्ता गर्नु भयो । त्यस्तै आजबाट सुरू भएको पहिलो चरणको खेलमा नेपाली खेलाडी आयुष्मान हजुर घले समेत भारतिय खेलाडी अमित मुन्द संग ६-४, ६-४ ले हार व्यहोर्नु भएको छ ।

भारतिय खेलाडी आदित्य मोरले भारतकै आरभ चावलालाई पराजित गर्नु भयो भने भारतका अद्भित तिवारीले नेपालका राजविर प्रधानलाई ६-३, ४-६, ६-४ ले पराजित गर्नु भयो । भारतका सौर्य समलाले नेपालका निश्चल कायस्थलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गर्नु भयो । पहिलो चरणको खेलमा भारतका ओजश मेहलावतसंग नेपाली खेलाडी दर्शिल श्रेष्ठले हार ब्यहोर्नु भउको छ । पोखरेली खेलाडी समेत रहनु भएको दर्शिल आफ्नै मैदानमा ६-१, ६-१ ले पराजित हुनु पर्‍यो ।

अस्ट्रेलियाका प्रतिक नविनले भारतका प्रकाश शरनलाई ६-३, ६-० ले, भारतका विर मदमले चिनका केजुङ देङलाई ३-६, ६-० र ६-२ ले, भारतका अधिराजक ठाकुरले भारतकै शिवतेज सिरफुलेलाई ६-१, ६-२ ले, भारतका आशरभ्य मेहराले भारतकै भ्योम शाहलाई ६-०, ६-१ ले पराजित गरेको टुर्नामेन्ट डाइरेक्टर अजय विष्टले बताउनु भयो । त्यस्तै गरी महिला तर्फ नेपाली खेलाडी शिभाली गुरुङले भारतकी भ्रन्दिका राजपुतलाई ६-२, ६-० ले, चिनकी यूयू ल्यूले भारतकी नन्दीनी कन्सलाई ६-१, ४-६ र ७-६(४) ले तथा नेपाली खेलाडी सुनिरा थापाले भारतकी नेभी दवासलाई ६-०, ६-० को सोझो सेटमा पराजित गर्नु भयो । भारतकी रित अरोराले भारतकै एन्जल पटेललाई, मंगोलियाकी मार्टा चोकसोम्जाभले भारतकी मानसी सिंहलाई पराजित गर्दा भारतकी दिशा बेहेराले क्यानाडाकी नोरा चौधरीलाई सोझो सेटमा पराजित गर्नुभयो ।

उक्त प्रतियोगिताको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले उद्घाटन गर्दै पोखरामा खेल पर्यटनको अथाह सम्भावना रहेको बताउनु भयो । पोखरा पर्यटनको हब रहेको बताउँदै मेयर आचार्यले यहाँ पर्यटकहरु बिदा मनाउन समेत आउने गरेको जनाउनु भयो ।

राष्ट्रिय एकताको लागि समेत सबै एक जुटहुनु पर्ने उहाँले जनाउनु भयो । नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थले टेनिस खेलले पर्यटकको बसाई लम्ब्याउन समेत भूमिका खेलेको बताउनु भयो । कास्की जिल्ला टेनिस संघका अध्यक्ष राजकुमार गुरुङ (राजु)को अध्यक्षतामा भएको थियो । मंसिर २९ गते सम्म सञ्चालन हुने प्रतियोगिताको पहिलो सर्किट शनिबारसम्म चल्ने छ । पहिलो सर्किट अन्तर्गत विभिन्न १० देशका पुरुषतर्फ ७० र महिलातर्फ ३५ गरी १ सय ५ जना प्रतिष्पर्धामा रहेको प्रचार प्रसार समितिका संयोजक प्रिती बरालले बताउनु भयो । प्रतियोगितामा सहभागि देशहरुमा नेपालसहित जापान, भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, मंगोलिया, बंगलादेश र कोरियाका खेलाडीहरुको सहभागिता रहेको छ। प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समुहमा हुने प्रतिष्पर्धाका बिजेताले समान ३० अंक, उपबिजेताले १८ अंक, सेमि फाईनलिष्टले ९ अंक, क्वाटर फाइनालिष्टले ५ र आर-१६ले २ अंक प्राप्त गर्नेछन् । .त्यस्तै डबल्समा विजेताले २५ अंक उपविजेताले १३ अंक, सेमि फाइनालिष्टले ६ अंक, क्वाटर फाइनालिष्टले ३ अंक प्राप्त गर्नेछन् । प्रतियोगितामा पुरुष सिङ्गल्स तथा डबल्स, महिला सिङ्गल्स तथा डबल्स गरि चार इभेन्टमा प्रतियोगिता संचालन भएको हो ।

प्रतियोगितामा पुरुषतर्फ वर्ल्ड र्‍याकिङ नं १ जापानी खेलाडी रिकु हिगासी र नेपाली खेलाडी वर्ल्ड र्‍याकिङमा चौथो रहेका आरभ सम्राट हाडा र महिलातर्फ वर्ल्ड र्‍याकिङ नं १ भारतिय खेलाडी माहिका खन्ना र छैटौं वर्ल्ड र्‍याकिङकी नेपाली खेलाडी सुनिरा थापाको सहभागिता रहेको छ । जापानी खेलाडी रिकु गत वर्ष समेत पोखरा आएका खेलाडी हुन् । प्रतियोगिता सम्पन्न गर्न करिव २१ लाख खर्च हुने कास्की टेनिसका कोषाध्यक्ष विष्णु बहादुर थापाले जानकारी दिएका छन् ।

# स्वर्गीय प्रदीपको सम्झनामा खुला बास्केटबल प्रतियोगिता हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा पोखरामा पहिलो संस्करणको खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिता हुने भएको छ ।

चैंपरे लेम भाईखलक घान्द्रुकको आयोजनामा यही पौष ३ गतेदेखि ६ गतेसम्म पोखरा महानगरपालिका १० रामघाटस्थित पुन समाजको कोर्टमा प्रतियोगिता सञ्चालन गरिने संयोजक राजकुमार गुरुङले जानकारी दिए । उनका अनुसार खुला पुरुषतर्फको विजेता टोलीलाई नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै उपविजतो बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए । संयोजक गुरुङका अनुसार पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ट खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको छ ।

प्रतियोगितामा पुरुषतर्फ सहभागिता जनाउनका लागि नगद रु ६ हजार र महिलातर्फ सहभागिता जनाउनका लागि नगद रु २ हजार शुल्क निर्धारण गरिएको सचिव अर्जुन गुरुङले बताए ।

# २० औं लेखनाथ महोत्सव पुस १८ गतेदेखि

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

हरेक वर्ष जस्तै मेला तथा महोत्सव गर्दै ख्याति कमाएको लेखनाथ उद्योग वाणिज्य संघले यहि पुस

१८ गतेदेखि २० औं संस्करणको लेखनाथ महोत्सव गर्ने भएको छ । पहिलो चरणमा तयारीका बारेमा जानकारी दिने उद्देश्यले सोमबार आयोजित पत्रकार सम्मेलनमा संघले पुसको १८ गते देखि माघ १ गते सम्म पोखरा २७ को तालचोकमा २० औं संस्करणको लेखनाथ महोत्सव गर्न लागेको जानकारी गराइएको हो ।



कार्यक्रममा संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले लेखनाथ उद्योग वाणिज्य संघले २०५८ साल देखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिष्कृत गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सव गर्दै आएको र विभिन्न जात जाति भाषा भाषीलाई एकै थलोमा उपस्थीत गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको वताए । अध्यक्ष श्रेष्ठले स्थानीय कृषि तथा औद्योगिक उत्पादनको प्रवर्द्धन, हस्तकलाका वस्तुहरुको बजार प्रवर्द्धन तथा पहिचान, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन, आवश्यक ज्ञान, सिप, र प्रविधि हस्तान्तरण, उद्यमशिलता, सृजनशिलतामा जोड, राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित वस्तु तथा सेवाहरुको प्रदर्शनी, जातिय भेषभुषा, कला संस्कृति, रितिरिवाजको जर्गेना, नवप्रतिभा प्रस्फुटन साथै आन्तरिक एवं वाह्य पर्यटक प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको वताए। पत्रकार सम्मेलनमा संघकी महासचिव एवं महोत्सवका प्रचार प्रसार संयोजक जानुका पराजुलीले औद्योगिक ब्यापार मेला, हस्तकलाका सामानहरु, दैनिक उपभोग्य एवं खाद्यान्न सामानहरु, फेन्सी, कस्मेटिक तथा श्रृंगारका सामानहरु, विद्युतीय उपकरण, फर्निचरका सामानहरु, भान्छामा प्रयोग हुने मालसामानहरु, शिक्षा, स्वास्थ्य, खेलकुदका सामाग्रीहरु, सूचना प्रबिधि तथा सञ्चारका उपकरणहरु, लेखनाथ क्षेत्रका गतिविधिहरु, फुड फेस्टिवल, अटोमोवाइल लगायतको प्रदर्शनी, वित्तिय तथा अन्य सेवामुलक संघ संस्थाको सेवा तथा जानकारी, यस क्षेत्रमा उत्पादित सुन्तला, माछा, मौरी प्रर्दशनी, कफि, ताजा तरकारी, जैविक विविधता, दुग्धजन्य उत्पादन लगायतको विक्रि एवं प्रदर्शनी महोत्सवको मुख्य आर्कषण रहने वताईन ।

महोत्सवमा जातजातिको रितिरिवाज तथा सांस्कृतिक प्रदर्शनी, झाँकीर्‍याली प्रदर्शनी, महिला विशेष कार्यक्रम अन्तर्गत रत्यौली गित कार्यक्रम, शैक्षिक प्रदर्शनीहरु, विद्यालय स्तरीय कार्यक्रम, विद्यालय स्तरिय खुल्ला चित्रकला प्रतियोगिता, सुगम संगिततर्फ पप कन्सर्ट र लाइभ व्याण्ड, राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट लोकदोहोरी तथा स्टेज सो (हास्यव्यङ्ग्य) कार्यक्रम, बाल उद्यान, खाना महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिईएको जानकारी दिए । महोत्सवको बचतवाट प्रदर्शनी स्थल र औद्योगिक क्षेत्र निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास लगायत विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष रामप्रसाद तिमिल्सीनाले महोत्सवको माध्यमबाट स्थानीय उत्पादनको प्रर्वद्धन र ब्राण्डिङ गरि नुपर्ने वताउँदै अहिलेको आर्थिक संकटको अवस्थामा महोत्सवको माध्यमबाट व्यवसायीहरुलाई उत्प्रेरीत गर्ने खालका कार्यक्रमहरु गर्न सके राम्रो हुने सुझाव व्यक्त गरेका थिए । पत्रकार सम्मेलनमा महोत्सवको मुख्य प्रायोजक रहेको राष्ट्रिय वाणिज्य बैंक गण्डकी प्रदेशका प्रमुख पुष्पचन्द्र थापाले संस्थाको सामाजीक उत्तरदायित्व सँगै स्थानिय मेला महोत्सवको प्रर्वद्धन गरि यस क्षेत्रको समग्र विकासमा टेवा पुर्‍याउने उद्धेश्यले सहकार्य गरिएको वताएका थिए । संघका बरिष्ठ उपाध्यक्ष एवंम महोत्सवका सह-संयोजक राजेन्द्र ओझाले लेखनाथ महोत्सवलाई स्थानीयले चाड पर्वको रुपमा लिंदै आएको र उत्पादक र उपभोक्ताहरुलाई एकै ठाँउमा भेला गरी आर्थिक चलायमान गराउन महत्वपुर्ण भुमिका खेलेको दावी गरेका थिए । संघका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन उप-महासचिव भरत ओझाले गरेका थिए भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले गरेका थिए ।

# गोरखा-५ मा माओवादी केन्द्रका रानामगर विजयी

पोखरापत्र संवाददाता
गोरखा, १७ मंसिर

गोरखा नगरपालिका-५ को वडा अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का विष्णुबहादुर रानामगर विजयी हुनुभएको छ । आइतबार सम्पन्न उपनिर्वाचनमा रानामगरले चार सय ८६ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको हो ।



उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका भाइकाजी आलेले चार सय दुई मत प्राप्त गर्नुभएको मुख्य निर्वाचित अधिकृत शिवबहादुर रानभाटले जानकारी दिनुभयो । त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का दुर्गामाया राना थापाले तीन सय ४५ मत प्राप्त गर्नुभयो । कूल दुई हजार दुई सय २५ मतदाता रहेको उक्त वडामा एक हजार तीन सय ७३ मत खसेको थियो । खसेको मतमध्ये १८ मत बदर भएको मुख्य निर्वाचित अधिकृत रानभाट जानकारीले दिनुभयो । उपनिर्वाचनमा विभिन्न नौ राजनीतिक दलका नौ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए । विसं २०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा वडाध्यक्षमा विजयी हुनुभएका एमालेका खीलबहादुर रानामगरको निधन भएपछि रिक्त रहेको पदमा उपनिर्वाचन भएको हो ।

# जिल्ला समन्वय समिति कास्कीको लिजा र फ्रा बारे अनुशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कन र बित्तीय सुशासन जोखिम मुल्याङ्कन बारे स्थानिय तहरूको अनुशिक्षण कार्यक्रम सोमबार सम्पन्न भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । पौडेलले स्वमुल्याङ्कन र बित्तीय जोखिम मुल्याङ्कन पालिकाहरूको क्षमता मापनको महत्वपूर्ण औजार भएको हुदा उत्कृष्ट नतिजाका लागि सबै प्रतिबद्ध हुनुपर्ने उल्लेख गर्नुभयो । प्रमुख पौडेलले अनुशिक्षण मार्फत सबै पालिका हरू निरन्तर कार्यक्षमता बढाउन लाग्नु पर्ने बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे ले स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन र बित्तिय सुशासन जोखिम मुल्याङ्कन बारेमा सहजीकरण गर्नुभएको थियो । अनुशिक्षण कार्यक्रममा कास्कीका पालिकाहरूका प्रमुख , र कार्यकारी अधिकृतहरू र बिषयगत क्षेत्र हेर्ने फोकल पर्सन कर्मचारीहरूको सहभागीता रहेको थियो । कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत जिल्ला समन्वय समिति कास्कीका सदस्य सितादेबी बिश्वकर्मी ले र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# सिग्देल परिवारमा शोक

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

गोलो अनुहार । मुसुक्क हाँस्ने । सदैव मायालु अनुहार । शान्त स्वभाव । माधव सिग्देलको दाजुको घरमा दुई तीन पटक मात्र दर्शन मिल्यो आमासँग । मिलनसार बानी । कसैको जीवनमा नराम्रो शब्द नपस्की सोमवार निधन भएको शब्दले सामाजिक मिडियामा हार्दिक समवेदना भन्दै तस्विर छायो । हरेक मानवको जीवन हावा फुकेको वेलुन जस्तो हो । वेलुनमा हावा रहिन्जेलसम्म राम्रो हुन्छ तर फुटेपछि अनन्त शुन्यमा बिलिन भएर जान्छ । मानीसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ । विस १९९७ असार १० गते जन्मनु भएको बिष्णुमाय सिग्देल ८३ वर्षको उमेरमा जेठो छोराको घर



मासबारमा विहान मृत्यु भयो ।

सिग्देल आमाले समाज र इष्टमित्रमा दिनु भएको योगदान हरेक व्यक्ति व्यक्तिको नसा नसामा वगिरहेको छ । आर्वास्थित जागरण आमा समुहको अध्यक्ष हुँदा सिग्देल आमाले समाजमा जनचेतनका कार्यक्रम देखी विकासका कार्यक्रममा अग्र पंतिमा हुनुहुन्थ्यो । आमाका जेठो छोरा रामजी प्रसाद सिग्देल नेपाली काग्रेसका क्रियाशिल सदस्य र कान्छा छोरा माधव प्रसाद सिग्देल नेपाली काग्रेस पोखरा १३ का इकाईका सभापति हुनुहुन्छ । जेठी बुहारी गंगा सिग्देलले आफ्नो व्यवहार गरिराख्नु भएको छ भने कान्छी बुहारी लक्ष्मी सिग्देलले भद्रकाली माविमा अध्यापन गर्नु हुन्छ । उनै आमाको सोमवार नै सयौं व्यक्तिहरुको उपस्थितिमा रामघाटमा दाहसंस्कार गरिएको छ ।

दाहसंस्कारमा, समाजसेवी, दाजुभाई, आफन्त र शुभचिन्तकहरुको बाक्लो उपस्थिति रहेको थियो । स्व. आमाका २ छोरा, दुई वुहारी, छोरा तर्फ नातीहरु ४ जना, नातिनी वुहारीहरु ४ जना, छोरी ज्वाईं ४ जना, चार जना नातिनातिना र ११ जना पनातिपनातिनीहरु छन् ।

# कीर्तिपुरको प्रमुखमा कांग्रेसका कृष्णमान विजयी

रासस
काठमाडौं, १७ मंसिर

कीर्तिपुर नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसका कृष्णमान डङ्गोल विजयी हुनुभएको छ ।

आइतबार भएको उपनिर्वाचनको सोमबार सम्पन्न मतगणनामा डङ्गोलले पाँच हजार तीन सय ३४ मत प्राप्त गरी विजयी हुनुभएको निर्वाचन आयोगले जनाएको छ ।

डङ्गोलका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का शिवशरण महर्जनले चार हजार पाँच सय ५५ मत प्राप्त गर्नुभयो । त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा सुरेन्द्र मानन्धरले चार हजार तीन सय ३७ मत प्राप्त गर्नुभयो । विसं २०७९ सालको निर्वाचनमा कांग्रेसबाट निर्वाचित राजकुमार नकर्मीको मृगौलासम्बन्धी रोगबाट गत साउन १० गते निधन भएपछि यहाँ उपनिर्वाचन भएको हो । साथै स्वतन्त्र उम्मेदवारहरु राजमान महर्जनले दुई हजार ३६ र कविकुमार महर्जनले एक हजार तीन सय १४, दिनेशकुमार अधिकारीले एक हजार ४८ मत प्राप्त गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका ध्रुव महर्जनले नौ सय ९५ मत प्राप्त गर्नुभएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचित भएपछि रासससँग कुरा गर्दै डङ्गोलले नगरको व्यवस्थित विकासका लागि कदम चाल्ने र सार्वजनिक सेवालाई चुस्त बनाउने प्रतिबद्धता जनाउनुभयो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# प्रधानमन्त्रीको चीन भ्रमणले सम्बन्ध प्रगाढ हुने

चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली चारदिने औपचारिक भ्रमणका लागि बेइजिङ जानुभएको छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय आपसीहितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्नुहुने छ । त्यस्तै उहाँले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीका साथमा धर्मपत्नी राधिका शाक्य रहनुहुनेछ । त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्हरू, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत हुनुहुन्छ । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर २० गते स्वदेश फर्कने तालिका छ ।

नेपाल-चीनबीच परापूर्व ऐतिहासिककालदेखि नै मित्रवत र न्यानो सम्बन्ध रहिआएको छ । सभ्यता, ज्ञानविज्ञान र दर्शनको साटासाट मात्र नभई मञ्जुश्री, बुद्धभद्र र भृकुटीले दुई देशबीचको सम्बन्धलाई प्रगाढ तुल्याउन महत्वपूर्ण भूमिका खेलेको इतिहास छ । आधुनिक नेपाल र चीनबीच दौत्य सम्बन्ध सन् १९५५ बाट सुरु भयो । चीनले सन् १९६० मा काठमाडौँमा तथा नेपालले सन् १९६१ मा बेइजिङमा दूतावास स्थापना गरे । पछिल्ला वर्षहरूमा दुवै देशहरूबाट उच्च तहका भ्रमण निरन्तर हुँदै आएका छन् ।

नेपाललाई एउटा शान्तिपूर्ण, समृद्ध र लोकतान्त्रिक गणतन्त्रात्मक देशका रूपमा चीनले व्यापार, शिक्षा, पर्यटन र भौतिक पूर्वाधारलगायत निर्माण क्षेत्रमा लगानी, अनुदानका क्षेत्रमा आर्थिक सम्बन्ध र सहयोग विस्तार गर्दै आएको छ । चीन विश्वकै उदयमान अर्थतन्त्र भएको छिमेकी मुलुक भएकाले नेपाले चीनबाट प्रशस्त लाभ प्राप्त गर्ने सम्भावना धेरै छ । सधैँ शान्त कूटनीति अङ्गाल्दै आएको चीनबाट नेपाल राजनीतिक स्थायित्व र समृद्धिको यात्रामा निरन्तर अघि बढिरहोस् भन्ने चाहना प्रकट हुँदै आएको छ ।

चीनबाट नेपाल आर्थिकका अतिरिक्त सूचना प्रविधिका क्षेत्रमा नवीनतम् प्रविधि हस्तान्तरण तथा यातायातको सम्पर्क सञ्जाल विस्तारमा सहयोगको अपेक्षा गरिएको छ । नेपालको आर्थिक विकासमा ठूलो सहयोग उपलब्ध गराउने मुलुकको सूचीमा चीन अग्रपङ्क्तिमा छ । काठमाडौँ-भक्तपुर ट्रली बस, हिमाल सिमेन्ट, हेटौँडा कपडा उद्योग, बुटवल धागो उद्योग, हरिसिद्धी इँटा टायल कारखाना, गोरखकाली रबर उद्योगलगायत दर्जनौँ उद्योग चिनियाँ सहयोगमा निर्माण भएका थिए । यस्तै चीनले नेपालको सडक पूर्वाधारमा पनि ठूलो गरेको गरेको छ । अरनिको राजमार्ग, काठमाडौँको चक्रपथ, निजामती अस्पताललगायत परियोजना चीन सरकारका सहयोगमा निर्माण भएका हुन् ।

चिनियाँ लगानी नेपाल कृषि, पर्यटन, उद्योग र ऊर्जा क्षेत्रमा छ भने सहयोग भने बहुआयामिक क्षेत्रमा भइरहेको छ । जुनसुकै कालखण्डमा नेपाललाई अप्ठ्यारो परेको अवस्थामा चीनले असल छिमेकीका रुपमा भरमग्दुर सहयोग गर्दै आएको छ । दुवै देशका नागरिक एकअर्को देशको भ्रमण गर्ने सङ्ख्या पछिल्ला वर्षहरूमा बढेपछि नागरिकस्तरमा समेत सम्बन्ध झाँगिदै गएको अनुभूतिभएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# रघुगङ्गामा स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
म्याग्दी, १७ मंसिर

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीमा सम्पन्न निःशुल्क स्वास्थ्य शिविरबाट एक हजारभन्दा बढी लाभान्वित भएका छन् ।

रघुगङ्गागाउँपालिकारनेलम्बो नेपाल पोखराको आयोजनामा शुक्रबारदेखि आइतबारसम्म सञ्चालन भएको शिविरबाट एक हजार एक सय २७ जनाले सेवा लिएका हुन् । रघुगङ्गा गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख टीकाबहादुर शाहीले सात सय ८५ महिला र तीन सय ४२ जना पुरुषले शिविरबाट सेवा लिएका जानकारी दिनुभयो । शिविरमा हाडजोर्नी तथा नशा, छाला, सामान्य चिकित्सा, स्त्रीरोग, नाक, कान घाँटी र दाँत रोगसम्बन्धी बिरामीको स्वास्थ्य परीक्षण, भिडियो एक्सरे, इसिजी, प्रयोगशालासँगै परामर्श र निःशुल्क औषधि वितरण गरिएको छ । शिविरमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टर सुदर्शन आचार्य, चिकित्सक विनोद बराल, विशाल सापकोटा, मनिसा बराल, दीक्षा क्षेत्रीसहित २० जना बढीको स्वास्थ्यकर्मीको टोलीले सेवा दिनुभएको थियो । रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भबहादुर भण्डारीले बेग, भगवती, पिप्ले, दग्नाम, झिँ, पाखापानी, चिमखोला र कुइनेमङ्गलेका बासिन्दाले सेवा लिएका बताउनुभयो । भौगोलिक विकटता, आर्थिक अभाव र पारिवारिक समस्याका कारण उपचार सेवा नपाएका बिरामीलाई लक्षित गरेर शिविर आयोजना गरेको उहाँले बताउनुभयो । भौगोलिकरुपमा टाढा रहेका वडा नम्बर ४, ५, ६, ७ र ८ का सर्वसाधारणलाई शिविरमा ल्याएर स्वास्थ्य उपचार लिनका लागि वडाको समन्वयमा यातायातको प्रबन्ध मिलाइएको थियो । चिकित्सकबाट स्वास्थ्य उपचार सेवा लिन गाउँ छाडेर सदरमुकाम बेनी, बागलुङ, पोखरा पुग्नुपर्ने बाध्यता शिविरले हटाएको शिविरमा स्वास्थ्य उपचार गर्न आउनुभएका रघुगङ्गा गाउँपालिका-२ भगवतीका ८६ वर्षीय लेठबहादुर खत्रीले बताउनुभयो । शिविरमा रघुगङ्गा गाउँपालिकाका स्वास्थ्यकर्मीले बिरामीको स्वास्थ्य परीक्षण र उपचारमा सघाएको वडा नं २ का अध्यक्ष अमृत भण्डारीले बताउनुभयो ।

# कृषिवस्तु उत्पादन वृद्धि गर्न विशेष क्षेत्र घोषणा गरिने

काठमाडौँ
रासस, १७ मंसिर

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले विभिन्न प्रदेशका कृषि वस्तु उत्पादनका आधारमा विशेष क्षेत्र घोषणा गर्ने भएको छ ।

सरकारले चालु आर्थिक वर्षदेखि १० वर्षलाई घोषणा गरेको कृषिमा लगानी दशकमा सम्बन्धित प्रदेशको भूगोल, बजार सम्भाव्यता, कृषि उत्पादन तथा उपजका आधारमा मन्त्रालयले विशेष क्षेत्र तोक्न लागेको हो । यस कार्यका लागि सातै प्रदेशमार्फत सुझाव सङ्कलन सुरू गरिएको मन्त्रालयलका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । प्रदेशले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी पालिकासम्मको सूचना सङ्कलन गरी मन्त्रालयलाई सुझाव दिने जनाइएको छ । उहाँका अनुसार तीनवटै तहका सरकारले कृषि उत्पादनको प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति बनाएर सरकारले गैरसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार, किसान र व्यवसायीको समन्वय र सहकार्यमा दश वर्षे कार्यक्रमलाई सफल बनाउने रणनीति तयार गरेको छ । मन्त्रालयले कृषि लगानी दशक घोषणालाई सार्थक बनाउन अन्तर मन्त्रालयअन्तर्गत सरकार र अन्तरनिकाय सबैलाई आह्वान गरेको छ ।

# कुलुङखोलामा पक्की पुल निर्माणले गति लिँदै

पोखरापत्र संवाददाता
दमौली, १७ मंसिर

तनहुँको भिमाद नगरपालिका-१ स्थित कुलुङखोलामा गत असोज तेस्रो सातादेखि निर्माण थालिएको पक्की पुलले गति लिएको छ । दसैँ र तिहारको बिदाका बेला समेत पुलको काम निरन्तर सञ्चालन भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ ।

गण्डकी प्रदेश सरकारको रु सात करोड ७३ लाख ६४ हजार तीन सय ८२ को लागतमा पुल निर्माण अगाडि बढेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रविन्द्र तिवारीले जानकारी दिनुभयो । उक्त पुल निर्माणका लागि चालु आर्थिक वर्षमा रु दुई करोड १६ लाख ५६ हजार विनियोजन भएको छ । पुल निर्माणका लागि एमएस ज्वालामुखी कन्स्ट्रक्सन धादिङसँग सम्झौता भएको छ । कूल ७४.२० मिटर लम्बाइ रहेको पुल विसं २०८३ असार ९ गते सम्पन्न गर्ने म्याद रहेको छ ।

वडा सदस्य दयाराम श्रेष्ठले भिमकाली मोटरमार्ग निर्माण भएको २५ वर्षपछि यहाँ गण्डकी प्रदेश सरकारको सहयोगमा पक्की पुल निर्माण भइरहेको बताउनुभयो । कुलुङखोलामापुलनहुँदासर्वसाधारणले जोखिम मोलेरै खोला वारपार गर्दै आएका छन् ।

पुल निर्माणपश्चात् यस ठाउँका सर्वसाधारणलाई सहज रुपमा आवतजावत गर्न सहयोग पुग्ने श्रेष्ठले बताउनुभयो ।

# शिशु विकास केन्द्रलाई फुसबल टेबल प्रदान

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

नेपाल टेबल फुसबल संघले पोखराको शिशु विकास केन्द्रलाई फुसबल टेबल प्रदान गरेको छ ।

अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसर पारि संघले केन्द्रमा फुसबल (टेबल साँकर) सहयोग सगै स्थापना गरेको हो । ४७ वर्षदेखि सञ्चालनमा रहेको केन्द्रले डाउन सिन्ड्रोम लगायत विभिन्न न्युरो अवस्थाका बालबालिकाहरुका लागि काम गदै आएको छ । फुसबल, जसलाई टेबल साँकर पनि भनिन्छ, जुन फुटबलको मोडलमा आधारित एउटा टेबल खेल हो, जसले ध्यान केन्द्रित गर्ने क्षमता, समन्वय र टोली भावना विकास गर्न सहयोग गर्ने गर्दछ । हालका वर्षहरुमा यो समावेशी गतिविधिका रुपमा लोकप्रिय बनेको छ, जसले विभिन्न क्षमता भएका व्यक्तिहरुको मानसिक र शारीरिक विकासलाई प्रोत्साहन गर्ने काम समेत गर्दछ । ई-कमर्स प्लेटफर्म दराज नेपालले ढुवानी साझेदारका रुपमा र संकटा क्लब, काठमाडौं ले तालिम साझेदारका रुपमा सहयोग प्रदान गरेका थिए । टेबल स्थापना, अभिमुखीकरण र तालिमका



सबै गतिविधि नेपाल टेबल फुसबल संघका संस्थापक तथा महासचिव उमेश घिमिरेले समन्वय गरेका थिए ।

फुसबल केवल खेल मात्र होइन, यो सहभागिता, अन्तरक्रिया र सीप विकासको माध्यम रहेको भन्दै घिमिरेले यसले यहाँका बालबालिकाहरुलाई मोटर स्किल्स, सामाजिक अन्तरक्रिया र आत्मविश्वास वृद्धि गर्न सहयोग पुऱ्याउने बताए । यो पहलले बालबालिकाहरुलाई रमाइलो र थेराप्युटिक गतिविधि प्रदान गर्दै उनीहरुको विकासलाई सहयोग गर्ने लक्ष्य आफुहरुको रहेको घिमिरेले बताए । हस्तान्तरण कार्यक्रममा संकटा क्लबको तालिम टोलीले केन्द्रका कर्मचारी र देखभालकर्ता लागि अभिमुखीकरण सत्र सञ्चालन गरी, फुसबललाई केन्द्रको दैनिक गतिविधिमा समावेश गर्नका लागि आवश्यक सहजीकरण गरेका थिए ।

नेपालभर फुसबलको प्रवद्धन गर्दै आएको छ, विशेष गरी न्युरोडाइभर्जन्ट बालबालिकाहरुलाई व्यवहार विकासका लागि संलग्न गराउँदै समावेशीता र खेलको माध्यमबाट सशक्तीकरण गर्ने लक्ष्य संघले लिएको उनले बताए । संघले फुसबललाई सबैका लागि परिवर्तनकारी गतिविधिका रुपमा अगाडि बढाउने आफ्नो यात्रालाई निरन्तरता दिदै आएको उनले बताए । केन्द्रका कर्मचारीले सहयोग प्राप्त फुसबल टेबलले हाम्रो देखभाल विधिलाई नयाँ आयाम थप्ने बताउदै बालबालिकाहरुको विकासका लागि यस्ले सहयोग गर्ने बताएका थिए ।

# अलकापुरको रक्तदानमा ४८ युनिट संकलन

पोखरापत्र संवाददाता
पोखरा, १७ मंसिर

अलकापुर आमा समुह र नेपाल रेडक्रस सोसाइटी उपशाखा १५ को संयुक्त आयोजनामा शनिबार पोखरा-१५, अलकापुर, नयाँगाउँ स्थित शुक्लेश्वर महादेव मन्दिर प्राङ्गण भएको खुल्ला रक्तदान कार्यक्रममा २२ महिला तथा २६ पुरुष गरी ४८ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा वडा नं. १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँ र नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति दण्डराज शर्माले पहिलो रक्तदाता सुर्यराज पराजुलीलाई ब्लड ब्याग हस्तान्तरण गरेर उद्घाटन गर्दै रक्तदान जिवन दान भन्ने उद्घघोषलाई रक्तदान कार्यक्रम आयोजना गरेर साकार पार्ने कार्य गर्ने संस्थाहरुलाई आभार व्यक्त गर्दै सबैलाई यस प्रकारको पुण्यकार्यमा सहभागिहुन आग्रह गरेका



थिए ।

पोखरा १५ निवर्तमान वडाअध्यक्ष प्रकाश पौडेल, जिल्ला सदस्य तथा उपशाखा पोखरा १५ का समन्वयकर्ता सुवास अधिकारी, जिल्ला सदस्य पार्वती कार्की, निवर्तमान सभापति कमलप्रसाद पौडेल, अलकापुर टोलविकास संस्थाका अध्यक्ष वेलबहादुर विश्वकर्मा, स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाटले रक्तदाताहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटी पोखरा १५ उपशाखाका सभापति शिवबहादुर भण्डारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कार्यक्रम संयोजक अलकापुर आमा समुहकी अध्यक्ष गिता शर्माले स्वागत र संचालन अलकापुर आमा समुहकी सचिव सुनिता शर्मा कँडेलले गरेकी थिइन ।

## पोखरा महानगरपालिका वडा नं. ३ को सार्वजनिक सूचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३ तेर्सापट्टी स्थित पशुपति ताम्राकारको हकभोगमा रहेको कि.नं. ११०, क्षेत्रफल १९७. ६० भएको जग्गामा बनेको तीन तलाको घर नं. ५३ भएको घरको जमिन तलाको दुई सटरमा व्यवसाय गर्ने भनी म्याग्दी जिल्ला स्थायी ठेगाना भएको तपाई श्री सोम बहादुर रिजालले २०८१ साल असोजदेखि बन्द गरी आउनु भएको पटक पटक सम्पर्क गर्दा पनि सम्पर्कमा नआई अटेरी गरी बसेकाले उक्त सटर खाली गर्न अति आवश्यक भएको र तपाई सम्पर्क विहिन भएको हुँदा यो सूचना प्रशाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सम्पर्कमा आउनु हुन जानकारी गरिन्छ । अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत जानकारीको लागि यो ७ दिने सूचना गरिएको छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीम(लेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | एीक्ष१६१००००४४ | अनिता पौडेल | पोखरा २६ कास्की |
| २ | एीक्ष१६१००००७५८ | उषा देबी अधिकारी | देउपुर २ पर्वत |
| ३ | एीक्ष१६१००००६६७ | कासी माया गुरुङ | पोखरा २९ कास्की |
| ४ | एीक्ष१६१०००२३०३ | रोशनी गौतम | पोखरा २९ कास्की |
| ५ | नीक्ष ०६१०००३१५७ | इश्वरी प्रसाद लामिछाने | पोखरा २२ कास्की |

# सुन्तलाखेतीतर्फ आकर्षण बढ्दै

**मिला दरै**
तनहुँ, १७ मंसिर/रासस



"बस्ने घर नभए पनि बाँझो जमिनलाई उपयोग गर्दै सुन्तलाखेतीमा लागेको छु", तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादी निवासी मोहन रानाभाट भन्नुहुन्छ, "यहाँ बस्ने अवस्था छैन।" उहाँ म्याग्दे-१ थानसिंस्थित जङ्गल बनेको पुर्ख्यौली जमिन सफाइ गरी सुन्तलाखेतीमा व्यस्त हुनुहुन्छ।

पानी अभावले गाउँबाट नै बस्ती सरेर बैंसी गुणादीमा झर्नुभएका मोहन अहिले बाँझो जमिनमा सुन्तलाखेती गर्दै हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "अन्य खेती गर्न समस्या भए पनि सुन्तलाखेतीलाई कम पानीले पुग्ने भएकाले यसतर्फ आकर्षित भएको हुँ।" बाँझिएको पुर्ख्यौली जमिनको उपयोग गर्दै उहाँ अहिले नौ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गरिरहनुभएको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त बाँझिएको जमिन सफा गरी दुई सय ५० बिरुवा रोपेर उहाँ सुन्तलाखेतीमा लाग्नुभएको छ। चालु वर्षमा भने उहाँले ४४ सुन्तलाका बिरुवा थप्नुभएको छ। उहाँ भन्नुहुन्छ, "कोभिड १९ को बन्दाबन्दीपछि गाउँमै गरिएको खेतीले सुरक्षित बनाउँछ भन्ने महसुस भएर सुन्तलाखेतीतर्फ लागेको हुँ, आफ्नो जमिन खेर फालेर अन्य पेसामा लाग्नुभन्दा आफ्नैमा नाफाघाटा बेहोरौँला भनेर जङ्गल बनेको बाँझो जमिनमा सुन्तला लगाएको छु, केही वर्षमा उत्पादन लिनसक्ने देखिएको छ।" सिँचाइ अभाव भएकाले कृषि ज्ञान केन्द्र तनहुँबाट हिलट्याङ्क अनुदानमा पाएपछि सहज भएको उहाँ बताउनुहुन्छ। उहाँ जस्तै व्यास नगरपालिका-१ हाई स्कुलटार निवासी नारायण रानाभाट पनि बाँझो जमिनको उपयोग गर्दै सुन्तलाखेतीतर्फ आकर्षित हुनुभएको छ। बाँझिएर जङ्गल बनेको पुर्ख्यौली जग्गा फँडानी गरी सुन्तलाखेती गर्दै आउनुभएको छ। बिहान सुन्तलाको रेखदेख गर्न बगैँचामा पुग्ने र साँझ घर फर्किने गरेको उहाँ बताउनुहुन्छ।

कृषि ज्ञान केन्द्रको सुन्तलाखेती विस्तार कार्यक्रमले सुन्तलाखेतीतर्फ किसान आकर्षित भएका छन्। झाडी बनेको जमिनको उपयोगलाई प्राथमिकता दिएर ल्याइएको सुन्तलाखेती विस्तार कार्यक्रमले यसतर्फ सर्वसाधारण आकर्षित भएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख गोपाल शर्मा लामिछाने बताउनुहुन्छ। उहाँका अनुसार धेरै ठाउँमा बाँझो जमिनमा सुन्तलाखेती विस्तार भइरहेको छ। उहाँ भन्नुहुन्छ, "झाडी सफाइ गरी अहिले किसानले सुन्तलाखेतीको स्याहारसुसारले उत्पादन बढ्दो रहेको छ, यसले कृषिमा युवाको आकर्षण बढेको तथ्याङ्कले देखाएको छ।" सुन्तला बगैँचाबाट नै खरिदबिक्री हुने हुँदा पनि किसान यस खेतीतर्फ आकर्षित भएको उहाँ बताउनुहुन्छ। यहाँको सुन्तला विशेषगरी काठमाडौँ, चितवन, पोखरालगायत बजारमा बिक्री वितरण हुने गरेको छ।

बाँझो जमिनमा गत आर्थिक वर्ष पाँच हजार ६ सय बिरुवा रोपण गर्न अनुदान दिइएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले बताउनुभयो। उहाँका अनुसार जिल्लाका विभिन्न स्थानका दुई सय ५५ रोपनी क्षेत्रफलमा सुन्तलाखेती विस्तार गरिएको छ। तीमध्ये १० रोपनी क्षेत्रफलको सुन्तलाका बिरुवा मरेको उहाँ बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "राम्रो बच्चा बनाउनका लागि सानो गरिएको स्याहारसुसारले भविष्यमा असल बनाउँछ भनिन्छ नि, त्यसैगरी सुन्तलाका साना बिरुवालाई पनि सरसफाइ तथा हेरचाह राम्रो भएमा उत्पादन राम्रो हुन्छ।" जिल्लामा विशेषगरी बिज बिरुवा नै रोपण गर्ने गरिएको ज्ञान केन्द्रले जनाएको छ। "हाइब्रिडको प्राक्टिस भएको पाएका छैनौँ", सूचना अधिकारी परियारले भन्नुभयो। जिल्लाकै देवघाट गाउँपालिका-२ नरमस्थित नर्सरीमा उत्पादित सुन्तलाका बिज बिरुवा अनुदानमा अन्य क्षेत्रका किसानलाई वितरण गर्ने गरिएको उहाँले बताउनुभयो।

बसाइँसराइ गरेका थानसिं गाउँका स्थानीय गाउँमा फर्केर झाडी बनेको बाँझो जमिनमा सुन्तलाखेती गर्ने क्रम बढ्दै गएको छ।

म्याग्दे-२ सुन्तलाखेतीको प्रख्यात ठाउँ हो। यसका साथै १ र ३ नम्बर वडाका केही स्थानमा सुन्तलाखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ। पकेट क्षेत्रको क्षेत्रफल बढ्ने क्रममा रहेको केन्द्रको तथ्याङ्कले देखाएको छ। आर्थिक वर्ष २०७९/८० मा जिल्लाका एक हजार ६ सय ४० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६ सय ४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको छ। आव २०७९/८० मा ११ हजार चार सय ६० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा ११ हजार पाँच सय १८ मेट्रिकटन सुन्तला उत्पादन गरेको केन्द्रको तथ्याङ्मा उल्लेख छ।

चालु आर्थिक वर्षमा केही क्षेत्रफल वृद्धि हुनेगरी विस्तार भइरहेको केन्द्रले जनाएको छ। यस तथ्याङ्कका आधारमा पनि सुन्तलाखेतीको क्षेत्रफल वृद्धि भएको देखिन्छ।

चालु आर्थिक वर्षमा सुन्तलाखेतीकै लागि बजेट छुट्याएर आएकाले अझ सहज भएको र यसको क्षेत्रफलसमेत वृद्धि हुने देखिएको केन्द्रले जनाएको छ। राष्ट्रिय फलका रूपमा सूचीकृत सुन्तलाखेतीमा सरसफाइ र स्याहार पुगेमा उत्कृष्ट सुन्तला यहाँ उत्पादन हुने केन्द्रले जनाएको छ।

# ६ बर्ष पछि फुटवलको लयमा फर्कदै आदर्श युवा क्लव

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

कोभिडसँगै सुस्ताएको मोफसलकै चर्चित आदर्श कप फुटवल प्रतियोगिता ६ बर्ष पछि लयमा फर्किएको छ। मंसिर २२ देखी २९ गतेसम्म क्लवले २५ औं सस्करणको आदर्श कपको आयोजना गरेर प्रतियोगितालाई लयमा फर्काएको हो।

२०७५ सालमा २४ औं संस्करणको ऋदिसिद्धी आदर्शकप पछि लेखनाथकै सर्वाधिक राशीको प्रतियोगिता ६ बर्षसम्म रोकिएको थियो। झण्डै ६० लाख रुपैया खर्च हुने अनुमान गरिएको फुटवल प्रतियोगिताको तयारीलाई क्लवले अन्तिम चरणमा पुर्‍याएको छ। प्रतियोगितामा आयोजक सहित गण्डकी प्रदेशका ८ समूहले भाग लिदै छन्। आयोजक आदर्श युवा क्लव, कास्की ११, नेपाली सेना, प्रहरी र शसस्त्र प्रहरी सहितका विभागिय क्लव एवं तनहुँ, गोरखा र स्याङजाका एक/एक टिम सहभागी हुनेछन्।

फुटवल मैदान मर्मत, अस्थायी प्याराफिट निर्माण लगायतको अन्य तयारी पुरा भएको क्लवका अध्यक्ष पदम गुरुङले जानकारी दिए। खेल प्राविधिक र रेफ्रीको समूहको निगरानीमा खेल मैदानलाई मिलाउने कार्य भैरहेको गुरुङले बताए। प्रतियोगिताका लागि शुभेच्छुक र विभिन्न निकायबाट आर्थिक सहयोग आउनेक्रम जारी रहेको कलवका कोषाध्यक्ष विष्णु हमालले बताए। मोफसलमा स्तरिय खेल खेलाउन चुनौतीपूर्ण रहेको उल्लेख गर्दै, हमालले सवैको साथ र सहयोगले हौसला थपेको बताए। मोफसलको खेल उत्सव हो, क्लवका अध्यक्ष पदम भन्छन्, सुस्ताएको स्तरिय खेललाई फेरी जिवन्तता दिएका छौं। उनले प्रतियोगिताले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत जोड दिने बताए। मोफसलमा आरा रारा गोल्डकप पछि आदर्श युवा क्लवले मात्र निरन्तरताको श्रृंखला जारी राखेको क्लवका पूर्व अध्यक्ष विजय गुरुङले बताए। उनले आफु अध्यक्ष हुँदा राष्ट्रिय स्तरको २२ औं र २३ औं संस्करण खेलाएको सम्झदै, त्यसले यस क्षेत्रमा खेलाडी उत्पादनमा समेत सहयोग पुर्‍याएको उल्लेख गरे।

बार्षिक रुपमा प्रतियोगिता जारी राखेको भए अहिले ३५ औं श्रृंखलामा पुग्थ्यौं पूर्व अध्यक्ष गुरुङले भने–विविध कारणले सकिएन, अहिले लयमा फर्किएको छ। प्रतियोगिताका लागि वडा नं २९ को कार्यालयले संरकत्व प्रदान गर्दै खेल मैदान मर्मत संभारमा सहयोग गरेको छ। त्यस्तै महानगरका विभिन्न वडा कार्यालय, प्रदेशका विभिन्न कार्यालय तथा संघसंस्था र शुभेच्छुकहरुले आर्थिक सहयोग गर्ने प्रतिवद्धता जनाएको अध्यक्ष गुरुङले उल्लेख गरे। लेखनाथ रंगशालाको स्तरोन्नती, निर्माण रोकिएको कभडहल, प्याराफिट र खेल विकासका लागि राज्यका निकायको ध्यान लेखनाथ क्षेत्रमा नपुगेको पनि अध्यक्ष गुरुङले बताए। पोखरा रंगशाला पछिको विकल्पका रुपमा लेखनाथ रंगशालालाई अगाडी बढाउन सकिन्थ्यो तर राज्यको ध्यान जान सकेन अध्यक्ष गुरुङले भने–"रंगशालालाई हामीले संरक्षण गरेर जोगाएर राखेका छौं।"

प्रतियोगिताको विजेतालाई नगद ४ लाख २५ हजार पाँच सय २५ रुपैया र उपविजेतालाई २ लाख २५ हजार पाँचसय २५ रुपैया र मेड प्रदान गरिनेछ। साथै विभिन्न विधामा खेलाडीलाई पुरस्कृत गरिने जनाईएको छ।

# पर्यटकीय पूर्वाधार बनाउन जुट्यो ६४ लाख

**पोखरापत्र संवाददाता**
गोरखा, १७ मंसिर

सरकारको एक सय पर्यटकीय गन्तव्यस्थलमा सूचीकृत गाजाको दहमा पर्यटकीय पूर्वाधार निर्माणका लागि रु ६४ लाख सङ्कलन भएको छ।

प्रचारप्रसार तथा पूर्वाधार अभावले ओझेलमा परेको गाजा दहलाई संरक्षण र प्रवर्द्धन गर्न यहाँका स्थानीयले लगाएको गाजा दह सिद्ध बराह ज्ञान महायज्ञमार्फत सो रकम सङ्कलन भएको हो।

गाजाको दह संरक्षणमा पर्याप्त लगानी नगर्दा क्रमशः दह सुक्दै गएको गएको र मन्दिर पनि जीर्ण भएको भन्दै स्थानीयले महायज्ञ आयोजना गरेर रकम सङ्कलन गरेका छन्। गाजा दहको प्रचारप्रसारसँगै पूर्वाधार निर्माण गर्न यही मङ्सिर ८ गतेदेखि सुरु भएको उक्त महायज्ञ मङ्सिर १४ गते सम्पन्न भएको हो। गाजा दह क्षेत्रमा पूर्वाधार निर्माणसँगै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महायज्ञमा नगदका साथै अन्य बागदान र जिन्सी सामानको मूल्याङ्कनपछि मात्र सहयोगबारे भन्न सकिने महायज्ञ मूल आयोजक समितिका प्रचारप्रसार संयोजक दिलीप पर्तेलले जानकारी दिनुभयो। सङ्कलित रकमले बागलुङको जैमिनी र गलकोट नगरपालिका, काठेखोला र बरेङ गाउँपालिकाको शिरमा पर्ने गाजाको दहमा रहेको सिद्ध बराहको मन्दिर जीर्ण भएकाले पुनर्निर्माण गरिनेछ।

गाजा दहको एकीकृत विकासका लागि गुरुयोजना बनाएर विकास गर्ने लक्ष्य रहेको सिद्ध बराह मन्दिर संरक्षण समिति अध्यक्ष लोकबहादुर छन्त्यालले जानकारी दिनुभयो। महायज्ञमा प्रमुख वाचकका रूपमा शिवदत्त रेग्मीले धार्मिक प्रवचन गर्नुभएको थियो। महायज्ञमा सङ्कलन भएको रकम गाजा दहको प्रचारप्रसार, पूर्वाधार र सिद्ध बराहको पुनर्निर्माण गरिनेछ।

# गण्डकी विश्वविद्यालयले दोस्रो कुलपति रनिङसिल्ड फुटबल प्रतियोगिता गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १७ मंसिर

गण्डकी विश्वविद्यालयको आयोजनामा दोस्रो कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिता हुने भएको छ। मंसिर २९ गतेदेखि पुस ३ गतेसम्म पोखरा रंगशालामा दोस्रो कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिता हुन लागेको हो।

प्रतियोगितामा गण्डकी प्रदेशका माध्यमिक विद्यालयले सहभागिता जनाउन सक्ने प्रतियोगिता संयोजक डा. मधुसुधन सुवेदीले जानकारी दिए। सोमबारदेखि टिम दर्ता खुला गरिएको सुवेदीले बताए। दर्ता शुल्क २५ सय तोकिएको छ। उक्त प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफि र मेडल प्राप्त गर्ने प्रतियोगिता संयोजक सुवेदीले बताए। प्लेयर अफ द टुर्नामेन्टलाई ट्रफिसहित १५ हजारको व्यवस्था गरिएको छ। प्रतियोगिताले खेलकुद क्षेत्रसँग सम्बन्धित उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने क्रममा सञ्चालित स्नातक तहको खेलकुद व्यवस्थापन समग्र विकास र उत्थानमा समेत टेवा पुग्ने अपेक्षा गरिएको खेलकुद व्यवस्थापन संकायको संयोजक सुवेदीले बताए। यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो। विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ। यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठन पाठन सुरु गरेको नेपालकै पहिलो र एक मात्र विश्वविद्यालय हो। विश्वविद्यालयले खेलकुद क्षेत्रको समग्र विकासलाई विशेष प्राथमिकता दिइरहेको संयोजक डा. सुवेदीले बताए। २०७९ मा भएको प्रथम कुलपति रनिङसिल्ड फुटबलको उपाधि कालिका माध्यमिक विद्यालयले जितेको थियो। २०७७ सालमा स्थापना भएको यस विश्वविद्यालयमा अहिले ५ संकायका विषयमा पठनपाठन हुँदै आएको छ। नेपालमै पहिलो पटक खेलकुद व्यवस्थापन संकायको पढाई थालेको यस विश्वविद्यालयमा नेपाली महिला भलिबल टिमकी कप्तान अरुणा शाही जस्ता खेलाडीसमेत अध्ययनरत छन्।

# गोरखाको ओलाङलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै अजिरकोट पालिका

**पोखरापत्र संवाददाता**
गोरखा, १७ मंसिर

अजिरकोट गाउँपालिकाले विकट गाउँ ओलाङलाई पर्यटनमैत्री नमूना गाउँका रूपमा विकास गरेको छ। गण्डकी प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा पर्यटकीय पूर्वाधार धमाधम निर्माण भइरहेका छन्।

गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाका अनुसार गाउँपालिका-२ स्थित ओलाङ गाउँलाई 'पर्यटनमैत्री नमूना गाउँ प्रवर्द्धन कार्यक्रम'अन्तर्गत नमूना गाउँका रूपमा विकास गर्न प्रारम्भ गरिएको हो। कार्यक्रमले बाँझो जमिनको पनि सदुपयोग गर्ने नीति लिएको उहाँले बताउनुभयो। यसले युवालाई स्वरोजगार बन्न सहयोग पुग्नेमा उहाँ विश्वस्त हुनुहुन्छ। "स्थानीयले रोजगारी र अवसर खोजिरहेका छन्, गाउँमै युवालाई रोजगारीको अवसर सृजना गर्दै आत्मनिर्भर बनाउन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गरिएको छ, ओलाङलाई अजिरकोट गाउँपालिकाको थप सुन्दर पर्यटकीय टोलको रुपमा विकास गर्ने हिसाबले लगानी गरिहेको छ", उहाँले भन्नुभयो।

ओलाङमा 'फुटट्रेल' निर्माण, पर्यटनमैत्री संरचना निर्माणका साथै पर्यटक रमाउनसक्ने हिसाबले अन्य संरचना पनि निर्माण गरिएका छन्।

पर्यटकको नयाँ गन्तव्यका रूपमा ओलाङ गाउँ विकास भइरहेकाले संरचना निर्माण गरिएको उहाँले बताउनुभयो। तामाङ र गुरुङ समुदायको मात्र बसोबास रहेको यो गाउँलाई कृषि, पर्यटनसँगै स्थानीय समुदायको मौलिक परम्परा झल्कने संस्कृतिलाई जीवन्त राख्ने प्रयास गरिएको छ।

"ओलाङलाई पर्यटनमैत्री बनाउँदै स्थानीवासीको आयआर्जन वृद्धिका लागि गाउँपालिकाले काम थालेको हो, पर्यटनको केन्द्रका रूपमा ओलाङलाई विकास गर्न त्यहाँ परापूर्वकालदेखि चल्दै आएको भिरमौरीका मह झिक्ने मेलालाई 'साहासिक पर्यटन'का रुपमा विकास गर्न खोजिरहेका छौँ", उहाँले भन्नुभयो। ओलाङगाउँ पुग्ने पर्यटकले अब जैविक खानाको स्वाद लिन पाउनेछन्। गाउँपालिकाले ओलाङलाई नमूना गाउँका रूपमा विकास गर्ने योजनाअनुरुप यहाँको हावापानीको अध्ययन गरी ट्राउट माछापालन कार्यक्रमलाई पनि व्यवस्थित ढङ्गले अघि बढाएको छ। साथै ओलाङलाई तमु समुदायको संस्कार र संस्कृति अध्ययन गर्ने थलोका रूपमा पनि विकास गरिएको अध्यक्ष देवकोटाले बताउनुभयो।

पर्यटनमैत्री पदमार्ग निर्माण, पदमार्गहरुमा विश्रामगृह, विभिन्न ठाउँमा परम्परागत सांस्कृतिक संरचना निर्माणले पनि ओलाङ गाउँलाई थप सुन्दर बनाएको छ। गाउँलाई कृषिमा नमूना गाउँका रुपमा विकास गर्न किसानलाई व्यावसायिक सागसब्जीखेतीको तालिम दिएर खेतीका लागि 'हाइटेक टनेल' निर्माणको भएको छ। गाउँ घुम्न आउने पर्यटकको स्वागत सत्कारका लागि घरबास व्यवस्थापन तालिम दिएर महिलालाई सक्षम बनाइएको गाउँपालिकाकी उपाध्यक्ष अनिता भुजेलले बताउनुभयो। कार्यक्रमअन्तर्गत ओलाङ गाउँमा २१ वटा योजना कार्यान्वयन भएका छन्।


## कुकको आवश्यकता

SHINING NEPAL MULTIPURPOSE COMPANY

विज्ञापन नं.: ०१ २०८१।८२

**साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने) कम्पनी**, पोखरा महानगरपालिका वडा नं.१५ नयाँगाउँमा अवस्थित मुनाफा वितरण नगर्ने एक कम्पनी हो। यस कम्पनीबाट पोखरा १५ हरियो खर्कमा संचालन भइरहेको द आर्क क्याफेको लागि योग्य **कुक आवश्यक** परेकोले योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गर्दछौं।

**पदः कुक** **संख्याः दुई** **काम गर्ने स्थानः पोखरा**

**कार्य विवरण** : चाइनिज, कन्टिनेन्टल खाना बनाउनुका साथै क्याफेमा काम गर्ने अन्य सहयोगीहरुलाई नेतृत्व प्रदान गर्ने।

**आवश्यक योग्यता तथा सीप**

- रेष्टुरेन्ट, होटल तथा क्याफेमा कम्तीमा ३ वर्षसम्म कुकको काम गरेको अनुभव भएको।
- एस.एल.सी. पास गरेको।
- चाइनिज, कन्टिनेन्टल परिकारहरु बनाउन जानेको। तालिम प्राप्तलाई प्राथमिकतामा राखिनेछ।
- समुहमा मिलेर काम गर्न सक्ने।
- आफु अन्तर्गतका काम गर्ने कर्मचारीहरुलाई परिचालन गर्न सक्ने।
- ग्राहक तथा पाहुनाहरुसँग राम्रो ब्यवहार गर्न जान्ने।
- कामको चापलाई राम्रो सँग ब्यवस्थापन गर्न सक्ने।

उल्लेखित पदमा दरखास्त दिन चाहनुहुने महानुभावले मिति २०८१ मंसीर २१ गते बेलुका ५ बजेभित्र यस कार्यालयमा आएर अथवा तल दिइएको इमेलमा बायोडाटा तथा निवेदन पठाउनुहुन अनुरोध छ। सर्टलिस्ट गरिएको आवेदकलाई छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ। तलव कम्पनीको नियमानुसार हुनेछ भने औषधि उपचार विमा, दुर्घटना विमा तथा सामाजिक सुरक्षा कोषको ब्यवस्था समेत गरिनेछ।

**साइनिङ्ग नेपाल मल्टिप्रपोज(मुनाफा वितरण नगर्ने) कम्पनी**
**हरियो खर्क परिसर, नयाँगाउँ, पोखरा १५ कास्की**
**इमेल ठेगानाः** info@shiningnepal.com
**टेलिफोन नं.०६१-४३४९१६**

छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने)कम्पनीमा निहित रहनेछ।